# नेपाल राष्ट्र बैंक

## मुद्रा व्यवस्थापन विभाग
## थापाथलीको
## रुपैयाँ १०० दरको नोट चलनचल्तीमा ल्याउने बारेको
## सूचना

यस बैंकले रुपैयाँ १०० दरको साविककै आकार, प्रकार तथा रंगमा सङ्केत नं. ए/८ ००००१ देखि ओ/१७ ९९९९९९ सम्म, "नेपाल सरकारको जमानत प्राप्त यसको रुपैंयाँ भुक्तानी माग्न आएमा नेपाल राष्ट्र बैंकबाट रुपैंयाँ १०० रुपैयाँ एक सय तुरुन्त पाइने छ ।" भन्ने प्रतिज्ञामूलक वाक्यांश सहित देहाय बमोजिमका विशेषताहरु भएको नोट यही २०७३ साल जेठ महिना ३१ गतेदेखि चलनचल्तीमा ल्याउने हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नोटको अग्र भागमा** :-

१. बायाँतर्फ सगरमाथाको चित्र रहेको ।

२. मध्य भागमा पृष्ठभूमिमा नेपालको नक्सा रहेको ।

३. अशोक स्तम्भको चित्र साथै LUMBINI THE BIRTH PLACE OF LORD BUDDHA लेखिएको ।

४. अशोक स्तम्भसँगै दृष्टिविहीनहरुलाई नोट पहिचानको लागि छामेर थाहा पाउने एउटा कालो थोप्ला रहेको ।

५. अशोक स्तम्भको वायाँतर्फ अण्डाकार भित्र Silver Metallic मा मायादेवीको चित्र रहेको ।

६. दायाँतर्फ लालीगुराँसको पानी छाप रहेको ।

७. २ मि.मी. चौडा भएको रंग परिवर्तन हुने (नोटलाई सीधा हेर्दा रातो रंग र ढल्काएर हेर्दा हरियो रंग देखिने) सुरक्षण धागो रहेको ।

८. तल्लो भागमा गभर्नर **डा. चिरंजीबि नेपाल**को दस्तखत रहेको ।

९. नोटको बोर्डरमा नोटको Series Number नेपालीमा **वि.सं. २०७२** लेखिएको ।

**नोटको पृष्ठ भागमा** :-

१. नोटको मध्य भागमा अंग्रेजीमा NEPAL RASTRA BANK लेखिएको ।

२. नोटको मध्य भागमा एक सिङ्गे गैंडाको माउ र बच्चाको चित्र रहेको ।

३. नोटको मध्य भागको तलपट्टी अंग्रेजीमा RUPEES ONE HUNDRED लेखिएको ।

४. नोटको बोर्डरमा नोटको Series Number अंग्रेजीमा **2015 A.D.** लेखिएको ।

१)   रुपैयाँ १०० दरको नयाँ नोटको डिजाइन :






## २) रुपैयाँ १०० दरको नयाँ नोटमा प्रयोग गरिएको नयाँ सुरक्षा धागो :






Red
सिधा हेर्दा



Green
ढल्काएर हेर्दा



Transparent text
उज्यालो प्रकाशमा हेर्दा

३) रुपैयाँ १०० दरको नयाँ नोटमा प्रयोग गरिएको पानी छाप :



४) रुपैयाँ १०० दरको नयाँ नोटको FIT medal feature मा प्रयोग गरिएको मायादेवीको चित्र :

